अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**मिति: २०८०।६।७ गते, समय: ३:०० वजे दिनको, बैठक संख्या: ३८**

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: फोहरमैला व्यवस्थापन सम्बन्धमा जग्गा प्राप्तिको सहमति कार्यान्वयन।

**निर्णय:** यस नगरपालिकाको समस्याको रुपमा रहेको फोहोरमैला व्यवस्थापनका लागि नगर सभाको निर्णय अनुरुप जग्गा खरिदको लागि नेपाल सरकारसंग सहमति माग गरिएकोमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखा, काठमाण्डौंको च. नं. ७४, मिति २०८०।४।३२ को पत्र मार्फत नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।४।३० को निर्णयबाट साविक उग्रतारा गा. वि. स. वडा नं. २ हाल अमरगढी नगरपालिका वडा नं ६ स्थित गुनाकर भाटको नाममा दर्ता श्रेस्ता कायम रहेको कि. नं. १५१ को क्षेत्रफल १४-५-१-० रोपनी जग्गा ल्याण्डफिल साइट निर्माण गर्ने प्रयोजनका लागि जग्गा प्राप्ति गर्न सहमति प्राप्त भएको।

जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ बमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकि नआएकाले जग्गा प्राप्ति ऐन,२०३४ अनुरुप उक्त जग्गा प्राप्ति गर्ने सोही ऐनको दफा ५ को व्यवस्था अनुरुप यस अमरगढी नगरपालिकाका अधिकृत सातौं श्री मिनराज ओझालाई प्रारम्भिक कारबाही चलाउने अधिकारी तोकिएकोमा उक्त कार्य सुरु नभएकाले यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

**प्रस्ताव नं. ३**: ऐतिहांसिक अमरगढी किल्ला संरक्षण सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको वडा नं. ५ मा रहेको ऐतिहांसिक अमरगढी किल्ला जिर्ण भएको हुंदा सो किल्ला संरक्षण गर्न तयार भएको DPR कार्यान्वयन गर्न यस कार्यालयको न्यून श्रोतले संभावना नभएकाले करिब ७ करोड लागत लाग्ने भएकाले सो ऐतिहांसिक किल्ला संरक्षणकालागि श्री काठमाण्डौमा महानगरपालिकालाई अनुरोध गर्ने।

**प्रस्ताव नं. ४**: सपिगं कम्प्लेक्स निर्माणकालागि जग्गा हस्तान्तरणकालागि अनुमति माग गर्ने।

**निर्णय:** यस नगरपालिकाको वडा नं ५ स्थित बागबजारको बसपार्क क्षेत्रमा रहेको साविक खलंगा गाविस नक्सा सिट नं ६ख कित्ता नं ३४१ क्षेत्रफल १२२०.८१ बर्ग मिटरको जिल्ला समन्वय समितिको जग्गा सपिगं कम्प्लेक्स निर्माण गर्न यस कार्यायलको नाममा हस्तान्तरण गर्न जिल्ला प्रशासन कार्यालय डडेलधुरा तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौंमा अनुरोध गर्ने।

**प्रस्ताव नं. ५**: होडिगंबोर्डको राजश्व संकलन गर्न बोलपत्र आह्वान गर्ने।

**निर्णय:** यस नगरपालिका क्षेत्र भित्र विभिन्न निकाबाट लगाउने होडिगंबोर्डको राजश्व संकलन गर्न मिति २०८०।६।७ गनेको निर्णय अनुमोदन गरि बोलपत्र आह्वान गर्ने।

**प्रस्ताव नं. ६**: विविध।

**निर्णय:** यस नगरपालिकाका कार्यपालिका सदस्य श्री प्रकाश जैरुकी श्रीमति गंगादेवी जैरुको उपचार गर्न रु ५० हजार र कार्यपालिका सदस्य श्री विष्णु अवस्थिकी बुहारि श्री निर्मला अवस्थीको उपचारका लागि रु ५० हजार आर्थिक सहायता कार्यक्रमबाट उपचार खर्च दिने।

२०८०।६।८

प्रमुख प्रशासकीय अधिकृत